# १. डा. वासुदेव त्रिपाठी

*[संवत् २०३५ साल कार्तिक ७ गते रोज २४ का दिन आयोजित समारोहमा 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०३४ को 'मदन पुरस्कार' त्यसका रचयिता डा. वासुदेव त्रिपाठीले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार। यो उद्‌गार नेपाली त्रैमासिक अङ्क ७७ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानी जगदम्बाकुमारीज्यू, मदन पुरस्कार गुठीका विद्वान्, गुठियारहरू, उपस्थित अन्य विद्वान्, विदुषी तथा नेपाली भाषाका स्नेहीहरू !

"लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन" शोधग्रन्थका निम्ति मलाई २०३४ सालको 'मदन पुरस्कार' प्रदान गरिएकोमा म आफूलाई गौरवान्वित अनुभव गर्दछु। नेपाली वाङ्मयको यस महान् पुरस्कारद्वारा मेरो शोधग्रन्थ सम्मानित हुँदा मलाई नेपाली भाषा र साहित्यका शोधकार्यमा अरु बढी संलग्न र समर्पित हुन प्रेरणा प्राप्त भएको छ। म यिनै भावनाका थुङ्गा उनेर नेपाली वाङ्मयको महान् संस्था मदन पुरस्कार गुठी, यस पुरस्कारकी संस्थापिका महामना रानी जगदम्बाकुमारी र दुई दशकभन्दा बढी अवधिसम्म गरिमापूर्वक यस गुठीको सञ्चालन गर्ने विद्वान् गुठियारहरूप्रति विनम्र आभार अभिव्यक्त गर्दछु।

यस विशिष्ट अवसरमा मेरो मनमा नेपाली वाङ्मयको विकास तथा नेपाली भाषा र साहित्यसम्बन्धी धारणाहरू सल्बलाइरहेका छन्। मनमा लागेका यिनै दुई-चार कुरा व्यक्त गर्न म अनुमति माग्दछु।

नेपाली भाषामा ज्ञान-विज्ञानको उच्चतम विकास पनि होस् र नेपाली वाङ्मय सर्वाङ्गीण रूपमा फलोस्-फुलोस् भन्ने रहरले मलाई आजभन्दा दुई दशकअघि किशोरावस्था पार गरेदेखि नै छुन थालेको हो। हुन त मेरो खास साधनाक्षेत्र नेपाली साहित्य मात्रै रह्यो; तैपनि ज्ञान-विज्ञानका विशाल फाँटमा समेत नेपाली भाषालाई गतिशील तुल्याउनुपर्ने आवश्यकताप्रति भावनात्मक स्तरमा म निरन्तर जागरुक रहँदै आएको छु। राष्ट्रको भावनात्मक सम्पदा कला-साहित्य हो भने बौद्धिक सम्पदाचाहिँ ज्ञान-विज्ञान नै हो र राष्ट्रभाषाका माध्यमबाट यी दुवै सम्पदाको आर्जन नगरी हाम्रो

राष्ट्रिय चैतन्य प्रस्फुरित हुन सक्तैन जस्तो मलाई लाग्छ। वस्तुत: २०१२/०१३ साल यताको नेपालको सचेत राष्ट्रिय वायुमण्डलमा रहँदा बस्दा र हुर्कँदै आउँदा नै मैले नेपाली वाङ्मयको बहुमुखी विकासको यो सपना देख्न थालेको हुँ। महामनीषी बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू पढ्दा र व्याख्यान सुन्दा या कविशिरोमणि लेखनाथ पौड्यालका अन्तिम शय्याका अन्तिम सन्देशसम्म सुन्दा पनि मलाई नेपाली वाङ्मयकै सर्वाङ्गीण विकासका आह्वानले ज्यादा छोएको हो। श्री ५ महेन्द्रका कतिपय भाषणमा प्रतिविम्बित अठोट र नेपाल एकेडेमी तथा त्रिभुवन विश्वविद्यालयको स्थापना जस्ता ठोस महान् कार्यबाट पनि नेपाली वाङ्मयको विकाससम्बन्धी मेरा धारणाले सुदृढ धरातल प्राप्त गरेका हुन्। मदन पुरस्कार गुठीको स्थापना र नेपाली वाङ्मयका विभिन्न फाँटको अभिवृद्धि गर्ने यसका उद्देश्यले पनि नेपाली वाङ्मयको सम्बर्धनको सम्भाव्यतालाई बढाई मलाई छोएका हुन्।

आज राष्ट्रभाषामा राष्ट्रिय वाङ्मयको सर्वाङ्गीण समुन्नतिको महायज्ञ थालिइसकेको छ। यस महान् यज्ञमा आ-आफ्ना किसिमले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, मदन पुरस्कार गुठी र साझा प्रकाशन जस्ता संस्था पनि यथाशक्ति लागिरहेका छन्। यी संस्थाका माध्यमबाट नेपाली विद्वान् र विदूषीहरूका एकपछि अर्का दशकका अथक परिश्रमको फलस्वरूप हाम्रो राष्ट्रभाषा नेपालीमा ज्ञान-विज्ञानको उच्चतम आमन्त्रणसमेत हुन सक्ने विपना कोरलिन लागेको छ। यस अवस्थामा यस महान् अनुष्ठानका निम्ति निश्चित राष्ट्रिय योजना र ठोस कार्यक्रम निर्धारित हुन सकेमा आजको नैसर्गिक गतिले बढी तीव्रता प्राप्त गर्दो होला भनी म निवेदन गर्न चाहन्छु। साहित्यिक दृष्टिले नेपाली भाषाले आफ्नो खास स्वरूप प्राप्त गरिरहेको छ भने बौद्धिक दृष्टिले ज्ञान-विज्ञानका फाँटमा नेपाली भाषाको जो विजय-यात्रा थालिँदै छ त्यसलाई उच्चतम गति प्रदान गर्नु हाम्रो राष्ट्रिय कर्तव्य हुन आएको छ। नेपाल अधिराज्यभित्र र बाहिर रहेका डेढ करोड नेपाली भाषाप्रेमीहरूको यस शताब्दीको मूलभूत साझा लक्ष्य नेपाली वाङ्मयको सर्वाङ्गीण विकासकै प्रयास हुनेछ र हुनु पनि पर्छ जस्तो मलाई लाग्छ।

आधुनिक आर्यभाषाका रूपमा नेपाली भाषाले आफ्ना पुगनपुग एक सहस्राब्दीका यात्रा-क्रममा जे जति उपलब्धि प्राप्त गरेको छ त्यसको शोधखोज पनि अत्यन्त महत्त्वपूर्ण छ। नेपाली साहित्यको शोधखोजको यो क्रम मोतीराम भट्टबाटै थालियो भने सुब्बा वीरेन्द्रकेशरी, राममणि आ. दी. र हेमराज शर्मा जस्ता स्वदेशी विद्वान्हरू नेपाली भाषाका छानबीनमा संलग्न हुन लागेको पनि पौने एक शताब्दी हुन खोज्दै छ। विगत एक शताब्दीमा विभिन्न नेपाली विद्वान्हरूका सत्प्रयासबाट नेपाली भाषा र साहित्यको शोधखोजको रूपरेखा कोरिन लाग्दै छ तापनि अनुसन्धानका दृष्टिले अति उर्वर नेपाली भाषा, लोकसाहित्य र साहित्यको विशाल भूमिको सायद छेउछाउ मात्रै

कोट्याउन सकिएको छ । यस क्षेत्रमा हामीले तत्कालै गरिहाल्नुपर्ने कार्यहरू नै पनि प्रशस्त छन्; हालसालै त्रिभुवन विश्वविद्यालयअन्तर्गत तयार भएको नेपाली विषयको अनुसन्धानसम्बन्धी गुरु योजनाको मस्यौदाबाटै पनि यो तथ्य प्रकट हुन्छ ।

२०२४-०२५ सालदेखि त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली भाषा र साहित्यको शोधकार्यको खास थालनी भएको हो । यदि मेरो र मेरा सहकर्मीहरूका अनुभवका साक्ष्यमा भन्ने हो भने शोधार्थीहरूका व्यक्तिगत उत्साह, धैर्य, वित्त र लगनधूनकै आधारमा त्यतिखेर ती शोध-सङ्कल्प थालिएका थिए । परन्तु विगत ३-४ वर्षका बीच त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषा र साहित्यका शोधकार्यका निम्ति पूर्वाधारका साथै वातावरणको निर्माण हुन लागेको छ । नेपाली भाषा, लोकसाहित्य र साहित्यको अनुसन्धानको योजनावद्ध कार्यक्रमको कार्यान्वयन गर्ने दृष्टिले आज सक्षम जनशक्ति र उपयुक्त वातावरण दुई कुरा विद्यमान् छन्; सबैतर्फबाट तिनको जगेर्ना र बढोत्तरी गर्ने क्रम उत्तरोत्तर वढ्दै जानेछ भनी आशावादी हुने ठाउँ प्रशस्त देखिन्छ ।

नेपाली साहित्यका एक अध्ययनकर्ताका नाताले म कस्तो ठान्दछु भने मैले पाएको मदन पुरस्कारको यो सम्मान वस्तुतः नेपाली भाषा र साहित्यको सम्मान हो र यसवाट नेपाली भाषा र साहित्यका आगामी शोधकर्ताहरूका निम्ति पनि प्रेरणा र प्रोत्साहनको सम्भावना विस्तृत भएको छ । त्रिभुवन विश्वविद्यालयका अनुसन्धानात्मक क्रियाकलापलाई राष्ट्रिय प्राज्ञिक क्षेत्रबाट प्राप्त एक अर्को सम्मानका रूपमा पनि म यस पुरस्कारलाई लिन चाहन्छु ।

अन्त्यमा नेपाली भाषाको यो महान् संस्था मदन पुरस्कार गुठी नित्य-निरन्तर फुल्दै-फल्दै जाओस् अनि नेपाली वाङ्मयको सर्वाङ्गीण सम्वर्धनका सङ्कल्पित पथमा सदा अग्रसर रहोस् भन्ने शुभेच्छाका सयपत्री थुङ्गाहरू म चढाउँछु; साथै यस गुठीका भ्रातृ-संस्थाका रूपमा विकसित नेपाली भाषाका ग्रन्थहरूको महान् सङ्ग्रहालय मदन पुरस्कार पुस्तकालयको उत्तरोत्तर अभिवृद्धिका निम्ति पनि म यस अवसरमा शुभेच्छा प्रकट गर्दछु ।

धन्यवाद !

⊠ ⊠ ⊠